आज मिति २०८२ साल मंसिर महिनाको ९ गते मङ्गलबारका दिन शिवपुरी गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को पाँचौं बैठक गाउँपालिकाका श्रद्धेय अध्यक्ष श्री गोविन्द प्रसाद थपलियाज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गोविन्द प्रसाद थपलिया | अध्यक्ष | |
| २ | विर बहादुर तामाङ | उपाध्यक्ष | |
| ३ | सुकुराम तामाङ | वडा अध्यक्ष | |
| ४ | कुमार तामाङ | वडा अध्यक्ष | |
| ५ | नाती तामाङ | वडा अध्यक्ष | |
| ६ | चन्द्र बहादुर गुरुङ | वडा अध्यक्ष | |
| ७ | रेशम बहादुर मोक्तान | वडा अध्यक्ष | |
| ८ | बिष्णु श्रेष्ठ | वडा अध्यक्ष | |
| ९ | वीर बहादुर तामाङ | वडा अध्यक्ष | |
| १० | केशव प्रसाद रिजाल | वडा अध्यक्ष | |
| ११ | सञ्जीमाया तामाङ | कार्यपालिका सदस्य | सञ्जीमाया |
| १२ | ज्ञानुमाया तामाङ | कार्यपालिका सदस्य | ज्ञानुमाया |
| १३ | सांबित्री रिजाल | कार्यपालिका सदस्य | |
| १४ | भगवती बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | जानुका खाती सुनार | कार्यपालिका सदस्य | Januka |
| १६ | रिता नेपाली | कार्यपालिका सदस्य | Rita |
| १७ | बद्रिनाथ लम्साल | सदस्य सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| | | | |

CamScanner

## छलफलका विषय वस्तुहरु

१. समिक्षा सम्बन्धमा ।

२. MCA सम्बन्धी छलफल सम्बन्धमा।

३. स्वास्थ्य उपकरण, सामाग्री प्राप्ति सम्बन्धमा ।

४. दश सैयाको अस्पतालको कार्य प्रगति सम्बन्धमा ।

५. धानवालीको क्षतिको विवरण सम्बन्धमा ।

६. विविध ।

(क) शोक प्रस्ताव पास तथा सार्वजनिक विदा समर्थन सम्बन्धमाः

CamScanner

**बैठक नं.०५** **बैठक मिति २०८२/०८/०९**

## छलफल तथा निर्णयहरु

**निर्णय नं. १ समिक्षा सम्बन्धमाः-** मिति २०८२/०७/२६ गतेका दिन बसेको कार्यपालिकाको चौथो बैठकले गरेको निर्णय मध्ये गाउँ सभाको विशेष अधिवेशन भव्य र सभ्यरुपमा समापन गरियो । साथै धानबालीको क्षेतिको विवरण संकलन भै सकेको र सो सम्बन्धमा आजको कार्यपालिका बैठकमा छलफल गरियो । साथै कार्यपालिकाबाट चालु आ.व. २०८२/०८३ मा सम्पन्न गरिने भौतिक पूर्वाधार तर्फका योजनाको प्रक्रिया अगाडी बढि रहेको। साथै स्वास्थ्य सामाग्री मध्ये औषधी खरिद कार्य सम्पन्न भै अन्य नियमित कार्य निरन्तर भै रहेको व्यहोरा समिक्षा गरियो ।

**निर्णय नं.२ MCA सम्बन्धी छलफल सम्बन्धमाः-** एमसिए नेपालको च.नं.६१४ /२०८१/०८२, मिति २०८२/०३/३० गतेको पत्र प्राप्त भई व्यहोरा अवगत भयो। उक्त पत्रानुसार नेपालको विद्युत प्रसारण संरचना सुदृढ एवं विस्तार गर्नको लागि नेपाल सरकार र अमेरिकी सरकारको सहकार्यमा विद्युत वितरण प्रणाली विस्तार तथा स्तरोन्नती आयोजनाको ग्रिड विस्तार, पोल प्रतिस्थापन, ट्रान्सफर्मर प्रतिस्थापन र कण्डक्टर, केवुल तथा अन्य सामान प्रतिस्थापनको कार्य हुने जानकारी प्राप्त भएकोले सो कार्यमा पालिकाबाट आवश्यक सहजिकरण तथा सहयोग गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ स्वास्थ्य उपकरण, सामाग्री प्राप्ति सम्बन्धमाः-** Lions Club सँगको साझेदारीमा गाउँपालिकाको २३,००,००।- (अक्षरुपीः तेइस लाख रुपैयाँ मात्र ।) Lions Club को अन्य खर्च व्यवस्थापनमा करिव १ करोड ७२ लाख बराबरले हुने स्वास्थ्य उपकरण र सोलार प्राप्त भएको जानाकारी एवं छलफल गरियो । यस पश्चात उक्त सामाग्री जडान गरी शिवपुरी आधारभूत अस्पताल छिट्टै सुचारु गरिने विषयमा समेत छलफल भयो ।

**निर्णय नं. ४ दश सैयाको अस्पतालको कार्य प्रगती सम्बन्धमाः-** गाउँपालिकाको वडा नं. ५ स्थित चालिसेमा निर्माणाधिन दश (१०) शैयाको शिवपुरी आधारभूत अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगी हस्तान्तरणको क्रममा रहेको छ । निकट भविष्यमै आवश्यक थप सामाग्री व्यवस्थापन गरि अस्पतालको विधिवत सुचारु गर्न

CamScanner

सरसफाई, खानेपानी व्यवस्थापन लगायतका कार्य भै रहेको व्यहोरा कार्य प्रगति छलफल एवं जानकारी भयो ।

**निर्णय नं. ५ क्षतिको विवरण सम्बन्धमाः-** मिति २०८२ साल कार्तिक २६ गतेको कार्यपालिकाको बैठकको निर्णयानुसार प्राप्त हुन आएको धान बालिको क्षतिको विवरण माथी वृहत्त छलफल गरियो । यस सम्बन्धमा प्राप्त विवरणको सन्दर्भमा यथार्थ र एकिन विवरण रुजुगरी ७ दिन भित्र पुनः पठाउन हुन भनि प्राप्त विवरण सबै वडा कार्यालयमा पठाउने र सूचना प्रकाशन पनि गर्ने र विवरण रुजु भै आए पछि आवश्यक थप निर्णय गर्ने ।

**निर्णय नं. ६ विविधः**

(क) **शोक प्रस्ताव पास तथा सार्वजनिक विदा समर्थन सम्बन्धमाः-**शिवपुरी गाउँपालिका वडा नं. ८, थानापतीमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी देवी बहादुर उप्रेतीको मिति २०८२ साल मंसिर ५ गतेका दिन असामयिक निधन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृतआत्माको चिरशान्तिको कामना सहित यस दुखद घडीमा सोक सन्तप्त परिवाजनमा गहिरो समवेदना प्रकट गरियो। साथै मिति २०८२ साल मंसिर ७ गते आइतवारका दिन १ (एक) शिवपुरी गाउँपालिका कार्यालय, वडा कार्यालयहरु तथ स्वास्थ्य संस्थाहरुवाट प्रदान गरिने अत्यावश्यक सेवा वाहेक अन्य सेवा स्थगन गर्ने सम्वन्धी कार्यालयको निर्णय समर्थन गर्ने निर्णय गरियो ।